मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल ।

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाका १३ वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई सम्बत् २०७७ श्रावण मसान्तभित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनुहुन सुचित गरिन्छ । बालबालिका वा आँफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा,बाबु, संरक्षक ,माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आँउदा ल्याउनुपर्ने कागजातहरु /वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरुः**

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि ।
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण ।
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण ।
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र ।
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन)।

**पुनश्चः**

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु सँग हालसम्म पनि पुराना सामाजिक सुरक्षा परिचयपत्र पाइएको हुँदा उक्त पुराना परिचयपत्र खिची नगरपालिकाले जारी गरेको नयाँ सामाजिक सुरक्षा परिचयपत्र वडा कार्यालयबाट वितरण गर्नुहुन ।

२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निर्देशनअनुसार ६० बर्ष भन्दा कम उमेर भएका विधवा र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुको हकमा विभागबाट सुचना जारी नभएसम्मको लागि नयाँ दर्ता तथा नवीकरण नगर्नु नगराउनुहुन अनुरोध गरिन्छ ।

२०७७/०३/२९

(कुमार प्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

कुमार प्रसाद कोइराला
प्रमुख प्रशासकीय अधिकृत

फोन नं :०११-४०११४१, ०११-४०११४२ वेवसाईड : www.melamchimun.gov.npई-मेल melamchimun@gmail.com फ्याक्स :-०११-४०१०८९